FEED THE FUTURE
The U.S. Government's Global Hunger & Food Security Initiative

# कृषि प्रसार सेवा भित्र लैंगिक र पोषण पक्षको एकिकरण

कृयाकलाप पाना
मार्च २०१६

## कसले के गर्छ ?

**समयः १-२ घण्टा**

**आवश्यक सामाग्री:**

- प्रत्येक सानो समूहलाइ एक पाना फि्लप चार्ट
- कामको विषय र उद्देश्य लेखिएको फि्लप चार्ट र निर्देशनः रातो महिलाको लागि, नीलो पुरुषको लागि, हरियो दुवैको लागि
- मार्कर वा रंगिन शिशाकलम
- मार्किंग वा स्कच टेप
- प्रत्येक साना समूहको लागि फि्लप चार्ट, हरियो, नीलो र रातो मार्कर




### परिचय

विशिष्ट ग्रामीण घरपरिवारमा घरको, खेतको र समुदायको दैनिक काम कसले गर्छ भन्ने कुरा पत्ता लागेमा महिला र पुरुषले के र कति काम गर्छन्, कुनै खास पृष्ठभूमी र संस्कृतिमा उनीहरुको लिंग अनुसार प्रत्येक पक्षको भूमिका र उत्तरदायित्व के हो भन्ने बारेमा जानकारी हुनुका साथै वातचितको ढोका समेत खुल्छ । जव यी कृयाकलापहरुको परख गरिन्छ तव धेरै कृयाकलापहरु लैंगिक हुन जान्छ । समाजले विभिन्न कामहरु सम्पन्न गर्न कसले के गर्छ भन्ने निर्धारण गर्छ र यही निर्धारण नै लैंगिक हो । ग्रामीण महिलाहरुले दिनको लामो समय विशेषत वच्चाहरुको रेखदेख र खाना पकाउने लगायत विविध प्रकारका दैनिक कार्य गर्नमा व्यतित गर्छन् । यस प्रकारको असमान दैनिक कृयाकलापहरुले न्युन उत्पादन, कम आय र गरिवी तथा कुपोषणको स्तरमा बृद्धि ल्याउँछ । कसले के गर्छ भन्ने पत्ता लगाउने र त्यसलाई लिपिवद्ध गराउने काम लैंगिक अवधारणामा आधारित असमानता संवोधन गर्ने र प्रारंभिक लैगिक विश्लेषण गर्ने तरिकाको पहिलो पाइला हुन सक्छ ।

### उद्देश्यहरु

- ✓ एक विशिष्ट ग्रामीण परिवारमा घरमा, खेतमा र समुदायमा दैनिक कृयाकलापहरु कसले गर्छ भन्ने पत्ता लगाउने ।
- ✓ दैनिक कृयाकलापको असमान वितरणको प्रभाव र सम्पूर्ण परिवार सदस्यहरुमा सन्तुलित सहभागिता बढाउन प्रोत्साहन गर्ने तरिका विश्लेषण गर्ने ।

### पाठ योजना

१) कृयाकलापहरुको विषयको पुनरावलोकन, उद्देश्य र छोटो परिचय ( **५ मिनेट**)

USAID FROM THE AMERICAN PEOPLE

This publication is made possible by the support of the American people through the United States Agency for International Development (USAID). The views expressed in this publication do not necessarily reflect the views of USAID or the United States Government.

INGENAES
Integrating Gender and Nutrition within Agricultural Extension Services






२) सहभागीहरुलाई जन्म मिति अनुसार लाइनमा लगाउने । जन्म मिति अनुसार सहभागीअरुलाई तीन समूहमा विभाजन गर्ने । प्रत्येक समूहमा वरावर जस्तो संख्या वनाउन आवश्यक समायोजन गर्ने (**१० मिनेट**)

समूह १ : बैसाख, जेठ, असार र साउन मा जन्म मिति हुनेहरु

समूह २: भदौ, असोज, कार्तिक र मंसीरमा जन्म मिति हुनेहरु

समूह ३: पुस, माघ, फागुन र चैतमा जन्म मिति हुनेहरु

समूहलाई निम्न अनुसार काम वाँड्ने

समूह १: घरमा हुने दैनिक कामअरु जस्तै लुगा धुने, खाना तयार गर्ने

समूह २: खेतमा हुने दैनिक कामहरु जस्तै गोडमेल गर्ने, वस्तुभाउलाई पानी घाँस दिने

समूह ३: समुदायमा हुने दैनिक कामहरु जस्तै स्थानीय वजारमा तरकारी लगेर वेच्ने, विवाह समारोहमा भाग लिने

३) प्रत्येक समूहलाई एक पाना फ्लिप चार्ट कागज र मार्कर वा रंगीन शिशाकलम दिने । समूहलाई घरमा हुने, खेतमा हुने र समुदायमा हुने दैनिक कामहरुको चित्र सहित सूची तयार गर्न लगाउने । केही उदाहरणहरु दिने (**३० मिनेट**)

**घर**

- घर सफा गर्ने
- खाना तयार गर्ने र पकाउने
- परिवारलाई खाना दिने
- दाउरा ल्याउने
- पानी ल्याउने
- घर मरमत गर्ने
- वच्चालाई नुहाइदिने

Designed to be shared.

This work is licensed under aCreative Commons Attribution 3.0 Unported License.
creativecommons.org/licenses/by/3.0/

www.ingenaes.illinois.edu/library

Prepared by Jan Henderson
University of Illinois

Photo Credits: Jan Henderson

© INGENAES 2016- Integrating Gender and Nutrition within Agricultural Extension Services)

**खेत**

- आलु रोप्ने ।
- धान काट्ने ।
- गाई दुहुने ।
- अण्डा जम्मा गर्ने ।
- जोत्ने वा ब्याड तयार गर्ने ।
- माछालाई र वस्तुभाउलाई दाना दिने ।

**समुदाय**

- खाद्य सामाग्री किनमेल गर्न जाने ।
- चुनावमा भोट हाल्न जाने ।
- धार्मिक काममा सहभागी हुने ।
- विवाहको निम्तो मान्न जाने, मलाम जाने ।
- वजारमा सामान वेच्न जाने ।

४) जव लेख्ने काम सकिन्छ, प्रत्येक समूहलाई तल उल्लेखित काम गर्न लगाउने (**५ मिनेट**)

प्राय महिला वा केटी मान्छेले गर्ने कामलाई रातो मार्करले घेरा दिएर जम्मा काम संख्या जोड्ने

प्राय पुरुष वा केटा मान्छेले गर्ने कामलाई नीलो मार्करले घेरा दिएर जम्मा काम संख्या जोड्ने

महिला वा पुरुषले गर्ने कामलाई हरियो मार्करले घेरा दिएर जम्मा काम संख्या जोड्ने

५) प्रत्येक समूहलाई आफुले तयार गरेको सामाग्री भूइमा राख्न वा भित्तामा टाँस्न लगाउने । समूहलाई बढिमा ५ मिनेटमा प्रस्तुतिकरण गर्न लगाउने । अन्य समूहलाई आवश्यकता अनुसार कामको सूचीमा थप गर्न वा स्पष्ट पार्न लगाउने । (**२० मिनेट**)

६) प्रत्येक समूहले आफ्नो सूची प्रस्तुती गरिसके पछि सहभागीहरुलाई तलका प्रश्नहरु सोध्ने । (**३० मिनेट**)

Designed to be shared.

This work is licensed under aCreative Commons At tribution 3.0 Unported License.
creativecommons.org/licenses/by/3.0/

Prepared by Jan Henderson
University of Illinois

Photo Credits: Jan Henderson

© INGENAES 2016- Integrating Gender and Nutrition within Agricultural Extension Services)

www.ingenaes.illinois.edu/library

- *धेरैजसो काम कसले गरिराखेको छ? (श्रम विभाजन उस्तै उस्तै वा वरावरी)*
- *कुन कामलाई बढि शारिरिक श्रम चाहिन्छ (शक्ति खर्च) ?*
- *कुन कामलाई दिनमा प्रसस्त समय लाग्दछ (शक्ति खर्च) ?*
- *कुन काम परिवारको कुन सदस्यले गर्ने भनेर कसले निर्णय गर्छ ( निर्णय गर्ने) ?*
- *कुन कामवाट परिवारको आय आर्जन हुन्छ ?*
- *आम्दानी कसरी खर्च गर्ने भनेर कसले निर्णय गर्छ (निर्णय गर्ने) ?*
- *दैनिक कामका असमान वितरणका प्रभावहरु के के छन् ?*
- *कसो गर्दा घरपरिवारका सवै सदस्यहरुमा दैनिक काम बढि समान र सन्तुलित हुन सक्ला ?*

**अव के ?**

कामलाई व्यवहारमा उतार्ने । सहभागीहरुलाई आफ्नो सानो समूहमा फर्कन भन्ने र हरेक सदस्यले आफ्नो प्रतिकृया दिने अवसर सुनिश्चित गरी तलका प्रश्नहरु सम्वोधन गर्दै यी कामहरुलाई आफनो कार्यस्थलमा कसरी प्रयोग भैराखेको ठान्दछन् भन्ने सम्वन्धमा छलफल गर्न लगाउने

- *प्रशिक्षकको हैशियतले यी कामहरु कसरी र कोसंग सञ्चालन गर्न सकिएला ?*
- *यी कामहरुमा के परिवर्तन गर्न आवश्यक पर्न जाला ?*

प्रत्येक साना समूहलाई सम्पूर्ण समूहसंगको छलफलवाट प्राप्त एक विचार भन्न लगाउने । (२० मिनेट)

सन्दर्भ:

"Integrating Gender and Nutrition with Agricultural Extension Services" Facilitator's Guide. USAID Integrating Gender and Nutrition into Agricultural Extension Systems (INGENAES), 2015. http://dev.ingenaes.illinois.edu/wp-content/uploads/Gender-and-Nutrition-Facilitators-Guide.pdf

Tips for Conducting a Gender Analysis at the Activity or Project Level https://www.usaid.gov/sites/default/files/documents/1865/201sae.pdf

Designed to be shared.

© INGENAES 2016- Integrating Gender and Nutrition within Agricultural Extension Services)

This work is licensed under aCreative Commons At tribution 3.0 Unported License.
creativecommons.org/licenses/by/3.0/

www.ingenaes.illinois.edu/library

Prepared by Jan Henderson
University of Illinois

Photo Credits: Jan Henderson